Summa Health

Summa Rehab Hospital

A partnership with
Vibra Healthcare

| | |
|---|---|
| शीर्षक | आर्थिक सहायता नीति |
| प्रभावकारी मिति | जनवरी 2020 |
| समीक्षा मिति | मार्च 2020 |
| क्षेत्र: | अस्पताल वाईड |

**उद्देश्य:**

यस नीतिको उद्देश्य भनेको आवेदनका लागि Summa Rehab Hospital को आर्थिक सहायता कार्यक्रम र प्रक्रियाको परिभाषा दिनु हो।

**नीति:**

Summa Rehab Hospital आकस्मिक देखिने वा चिकित्सकीय रूपमा आवश्यक स्याहार भएका बिरामीहरूको लागि समुदायका आवश्यकताहरूमा उत्तरदायी आर्थिक सहायता उपलब्ध गराउनको लागि प्रतिबद्ध छ तर तिनीहरूको स्याहारको लागि भुक्तान गर्ने सीमित माध्यम छ। Summa Rehab Hospital ले यस नीति अन्तर्गत तिनीहरूको भुक्तान गर्ने क्षमता वा तिनीहरूको योग्यतालाई ध्यान नदिएर भेदभाव बिना व्यक्तिहरूलाई चिकित्सकीय रूपमा आवश्यक स्याहार उपलब्ध गराउनेछ।

**नीतिहरू सम्बन्धी आर्थिक सहायता:**

Summa Rehab Hospital ले यस आर्थिक सहायता नीति अन्तर्गत आर्थिक सहायताको लागि योग्य न हुने अबीमाकृत वा बीमा पूरा नभएका बिरामीहरूका लागि अन्य विकल्पहरूको प्रस्ताव गर्दछ। थप जानकारीका लागि, , कृपया निम्न Summa Rehab Hospital का नीतिहरू हेर्नुहोस्:

- Summa Rehab Hospital को बिलिङ र सङ्कलन गर्ने नीति - यस नीति अन्तर्गत बिरामी आर्थिक सहायताको लागि योग्य छ भनी यसले निर्धारण गर्नको लागि कारणयोग्य प्रयास गर्नुअघि, Summa Rehab Hospital क्रेडिट एजेन्सी(हरू)लाई रिपोर्ट गर्ने, व्यक्तिको ऋण अर्को पक्षलाई बेच्ने, स्वीकार गर्ने, अस्वीकार गर्ने वा कानूनी वा न्यायिक प्रक्रिया आवश्यक हुने पछिल्लो बिल वा कार्यहरूको गैर-भुक्तानीको कारणले चिकित्सकीय रूपमा आवश्यक स्याहार उपलब्ध गराउनुअघि भुक्तानी आवश्यक हुने जस्ता असाधारण सङ्कलन गर्ने कार्यहरूमा संलग्न हुनेछैन। कुनै पनि असाधारण सङ्कलन गर्ने कार्यहरू सहित सङ्कलन गर्ने क्रियाकलाप Summa Rehab Hospital को बिलिङ र सङ्कलन गर्ने नीतिद्वारा वर्णन गरिएअनुसार अगाडि बढाइनेछ।
- Summa Rehab Hospital को HCAP सहभागिता – Summa Rehab Hospital HCAP, ओहायो अस्पताल स्याहारको बीमा कार्यक्रमको एक सहभागी हो। HCAP ले आधारभूत, चिकित्सकीय रूपमा आवश्यक अस्पताल स्तरका सेवाहरूलाई समाविष्ट गर्छ।
- Summa Rehab Hospital को अबीमाकृत छूट नीति – HCAP वा Summa Rehab Hospital को आर्थिक सहायता नीति अन्तर्गत छूट प्राप्त नगर्नभएका अबीमाकृत बिरामीहरू चिकित्सकीय रूपमा आवश्यक सेवाहरूको अबीमाकृत सेवाहरूको लागि योग्य छन्।

गैर-चिकित्सकीय रूपमा आवश्यक सेवाहरू आर्थिक सहायता नीति अन्तर्गत समाविष्ट गरिंदैन।

प्रदायकहरूलाई Summa Rehab Hospital को आर्थिक सहायता नीतिद्वारा समाविष्ट गरियो

Summa Rehab Hospital को आर्थिक सहायता नीतिद्वारा समाविष्ट गरिएको र समाविष्ट नगरिएको दुवै नामद्वारा प्रगायकहरूका विस्तृत सूचीहरू निम्नमा फेला पार्न सकिन्छ:

https://www.summarehabhospital.com/patient-resources/financial-assistance-policy/

सूचीहरू सूचीबद्ध गरिएको मिति अनुसार सही छन् र यसलाई आवश्यक हुँदा अद्यावधिक गरिनुपर्छ तर त्रैमासिक भन्दा कम बारम्बार होइन। वास्तविक छूट प्रतिशतहरू सूचीबद्ध गरिएका प्रत्येक प्रदायकहरूका लागि भिन्न हुन सक्छन् जबकि प्रत्येकसँग विशेष सामान्यतया बिल गरिएको रकम हुन सक्छ।

Summa Health

Summa Rehab Hospital

A partnership with Vibra Healthcare

| | |
|---|---|
| शीर्षक | आर्थिक सहायता नीति |
| प्रभावकारी मिति | जनवरी 2020 |
| समीक्षा मिति | मार्च 2020 |
| क्षेत्र: | अस्पताल वाईड |

साथै, यस नीतिमा:

- आर्थिक सहायताको लागि योग्यता मापदण्ड समावेश छन्
- यस नीति अन्तर्गत आर्थिक सहायताको लागि योग्य बिरामीहरूलाई लगाइएको शुल्क गणनाको आधार वर्णन गर्छ
- आर्थिक सहायताको लागि आवेदन दिने व्यक्तिहरूको लागि प्रक्रियाको वर्णन गर्छ
- आर्थिक सहायताको आवेदन प्रक्रियाको अवधिमा लिइएका कार्यहरूको वर्णन गर्छ
- Summa Rehab Hospital ले समुदाय भित्र कसरी व्यापक रूपमा नीति प्रचार प्रसार गर्नेछ भनी वर्णन गर्छ

1. आर्थिक सहायताको लागि योग्यता

   आर्थिक सहायता यस नीति अनुसार आर्थिक आवश्यकको निर्धारणमा आधारित चिकित्सा लागतहरूसँग अबीमाकृत र बीमा पूरा नभएका र तिनीहरूको स्याहारको लागि भुकतान गर्न असमर्थ भएका ती व्यक्तिकरूको लागि सुविचारित गरिनेछ। यसमा निम्न अवस्थाहरूमध्ये कुनै पनि समावेश हुन सक्छन्:

   a. व्यक्तिको तेस्रो-पक्षीय बिमा कभरेज छैन
   b. व्यक्ति सार्वजनिक सहायताको लागि योग्य छन् तर विशेष सेवा समेटिएको छैन
   c. Medicare वा Medicaid लाभहरू कमजोर भएका छन् र व्यक्तिसँग भुक्तान गर्ने थप क्षमता छैन
   d. व्यक्ति बिमाकृत हुनुहुन्छ तर बिमापछि व्यक्तिको ब्यालेन्सको लागि भुक्तान गर्न आवश्यक आर्थिकको आधारमा सहायताको लागि योग्य ठहराइएको हो
   e. व्यक्तिले ओहायो अस्पताल स्याहार आश्वासन कार्यक्रम (HCAP) का आवश्यकताहरू पूरा गर्छन्

2. योग्यता मापदण्ड

   a. परिवारको सङ्ख्या र पारिवारिक आम्दानीको परिभाषा, संघीय गरीबी सीमा मार्गनिर्देशनहरू व्यक्तिको योग्यता निर्धारण गर्नको लागि प्रयोग गरिन्छ (संलग्न कागजात A हेर्नुहोस्)

   b. Summa Rehab Hospital ले 12 महिनाको रोलिङ समय अवधिमा मेडिकेयर नि:शुल्क सेवाद्वारा स्वीकृत दाबीहरूमा आधारित पछाडि-हेर्ने विधि प्रयोग गरी सामान्यतया बिल गरिएका रकम गणना गर्छ। सामान्यतया बिल गरिएका रकम कसरी गणना गरिन्छ भन्नेबारे विस्तृत स्पष्टीकरणको लागि परिशिष्ट A हेर्नुहोस्।

   c. Summa Rehab Hospital को आर्थिक सहायता- व्यक्तिको पारिवारिक आम्दानी कटौतीको लागि योग्य हुन हालको संघीय गरीबी सीमाहरू (FPL) को 250% बन्दा बढी र सो भन्दा कम वा यसको 400% बराबरको हुनुपर्नेछ (संलग्न कागजात A हेर्नुहोस्)। आर्थिक सहायताको लागि योग्य रहेका कुनै पनि बिरामीलाई सामान्यतया बिल गरिने रकम (Amount Generally Billed, (AGB)) भन्दा बढी शुल्क लगाइनेछैन। यसको परिणाम स्वरुप बिमा नभएका व्यक्तिहरूका लागि बिल गरिएका शुल्कहरूमा आंशिक समायोजन हुन्छ वा बिमा भएका व्यक्तिहरूका लागि बिमाको भुक्तानीपछि बाँकी बिरामीको जिम्मेवारी सहित बिल गरिएका शुल्कहरूमा आंशिक समायोजन हुन्छ।

   d. Summa Rehab Hospital को आर्थिक सहायता- व्यक्तिको पारिवारिक आम्दानी कटौतीको लागि योग्य हुन हालको संघीय गरीबी सीमाहरू (FPL) को 250% बन्दा बढी र सो भन्दा कम वा यसको 100% बराबरको हुनुपर्नेछ (संलग्न कागजात A हेर्नुहोस्)। यसको परिणाम स्वरुप बिमा नभएका व्यक्तिहरूका लागि बिल गरिएका शुल्कहरूमा पूर्ण समायोजन हुन्छ वा बिमा भएका व्यक्तिहरूका लागि बिमाको भुक्तानीपछि बाँकी बिरामीको जिम्मेवारी सहित बिल गरिएका शुल्कहरूमा पूर्ण समायोजन हुन्छ।

e. आर्थिक सहायता आवेदन फारमहरूको विचार पहिलो पोस्ट डिस्चार्ज बिलिङ विवरण प्राप्त गरेको न्यूनतम 240 दिनसम्म र आवेदन स्वीकृतिको अन्तिम मितिपछि छ (6) महिनासम्म गरिनेछ।

f. व्यक्तिगत आर्थिक विवरणको अनुरोध गरेर वा आवेदकको सबैभन्दा हालैको W-2 फाराम, सबैभन्दा हालैको कर फाराम, बैंक विवरणहरू र रिपोर्ट गरिएको आयको समर्थन गर्ने अन्य कुनै पनि प्रकारको कागजात प्राप्त गरेर आय प्रमाणित गर्न सकिन्छ। Summa Rehab Hospital ले आम्दानी, पारिवारिक सङ्ख्या वा आवेदनमा अस्पष्ट हुन सक्ने कुनै पनि जानकारीको मौखिक स्पष्टीकरण स्वीकार गर्न सक्छ।

g. लिखित प्रमाणमा समर्थन गर्ने आम्दानी प्रमाणीकरण प्राप्त भयो र भविष्यको सन्दर्भको लागि बिरामीको फाइलमा उपलब्ध सम्पत्तिहरू व्यवस्थित गर्नुपर्ने हुन्छ।

h. ओहायोको अस्पताल स्याहार आश्वासन कार्यक्रम (HCAP) - संघीय गरीबी सीमा (FPL) का 100% व्यक्तिहरू वा सो भन्दा कम व्यक्तिहरू आकस्मिक र चिकित्साका आवश्यक सेवाहरू समावेश हुने ओहायो कार्यक्रमको यो पदको लागि योग्य हुन सक्छन्।

i. Summa Rehab Hospital ले यस नीतिमा निर्धारण गरिएका प्यारामिटरहरू भन्दा बाहिर पर्न सक्ने, अस्पताल सुविधाको एकल निर्णयमा पहिचान गरिएका र अपवादात्मक चिकित्सा परिस्थितिहरू (जस्तै, टर्मिनल बिमारी, अत्याधिक चिकित्सा बिलहरू र/वा औषधिहरू, आदि) हेरिरहेका CEO र/वा CFO द्वारा अनुमति दिइएका कुनै पनि व्यक्तिलाई छूट वा छूट गरिएको स्याहार विचार गर्ने अधिकार सुरक्षित राख्दछ।

3. आर्थिक सहायताको लागि आवेदन गर्ने

a. बिरामीले Rehab Summa Hospital को आर्थिक सहायता आवेदन फाराम पूरा गर्नुहुनेछ।

i. पूरा गरिएको आर्थिक सहायता आवेदन फारमको अनुपस्थितिमा निश्चित परिस्थितिहरू (उदाहरण, बिरामी घरविहीन हुनुहुन्छ) अन्तर्गत आर्थिक सहायता प्रमाणित वा कागजात गर्नको लागि सम्भावित योग्यता प्रयोग गर्न सकिन्छ।

ii. Summa Rehab Hospital ले बिरामी आर्थिक सहायताको लागि प्रकल्पित योग्य हुनुहुन्छ वा हुनुहुन्न भनी निर्धारण गर्नमा सहायता गर्नको लागि भुक्तान गर्ने इच्छाको रूपमा ती जानकारी प्राप्त गर्नको लागि उपलब्ध स्रोतहरू (उदाहरण, प्राविधिक समाधान, सेवा संगठनहरू, आदि) उपयोग गर्न सक्छ।

b. बिरामी आर्थिक अधिवक्ताहरू आर्थिक सहायता फाराम पूरा गर्ने सहायता उपलब्ध गराउनका लागि छन्। बिरामीका आर्थिक अधिवक्ताहरू बारे थप जानकारीका लागि पृष्ठ 6 मा हेर्नुहोस्।

4. Summa Rehab Hospital आर्थिक सहायताको आवेदन प्रक्रिया अवधिमा लिइएका कार्यवाहीहरू
    a. Summa Rehab Hospital को आर्थिक सहायता नीति प्रस्ताव गरियो:
        i. दर्ता फारामको अवस्थाहरूमा समावेश गरियो।
        ii. बिरामीका बिलिङ विवरणमा समावेश गरियो।
        iii. <https://www.summarehabhospital.com/patient-resources/financial-assistance-policy/ मा प्रकाशित गरियो
        iv. यदि कुनै आर्थिक सहायताको आवेदन फाराम पहिलो पोस्ट-डिस्चार्जको बिलङ कथन पछिको मिति लगतै कम्तीमा 120 दिनको अवधिमा पेश गरिएन भने, Summa Rehab Hospital ले बिलिङ तथा सङ्कलन नीतिमा सूचीबद्ध गरिएका कार्यवाहीहरू पालना गर्न सक्छ।

    b. अपूर्ण आर्थिक सहायताको आवेदन फाराम पेश गरिएको- पहिलो पोस्ट-डिस्चार्जको बिलङ कथन पछिको मिति लगतै न्यूनतम 240 दिनको समय अवधि (आवेदन अवधि) मा अपूर्ण आर्थिक सहायताको आवेदन फाराम पेश गरियो भने, Summa Rehab Hospital ले:
        i. व्यक्तिलाई आर्थिक नीति र फाराम अन्तर्गत आवश्यक ठानिएका थप जानकारी र/वा कागजातको बारेमा व्याख्या गर्ने एक लिखित सूचना उपलब्ध गराउनेछ।
        ii. व्यक्तिले उपयुक्त टाइमफ्रेममा आर्थिक सहायताको मूल्याङ्कन पूरा गर्नको लागि आवश्यक हुने जानकारी उपलब्ध गराउनुहुन्न भने, अस्पतालले छूटको लाभ बिना बिलिङ र सङ्कलन गर्ने नीतिमा नोट गरिएका कार्यकरू सुरु गर्न वा पुन: आरम्भ गर्न सक्छ।

    c. पेश गरिएको आर्थिक सहायताको आवेदन फाराम पूरा गर्नुहोस्- Summa Rehab Hospital ले निम्न कार्यहरू लिनेछ:
        i. यदि गरिएको छ भने कुनै पनि असाधारण असूली कार्यवाहीहरू हटाउनुहोस्
        ii. Summa Rehab Hospital को आर्थिक सहायता आवेदन फाराम प्रक्रिया गर्ने क्रममा कुनै पनि असूली कार्यवाहीहरू हटाउनुहोस्
        iii. यदि खाता सङ्कलन निकायसँग राखिएमा, निकायलाई निर्धारण गर्दा सङ्कलन प्रयासहरू समाप्त गर्न सूचित गराइनेछ
        iv. योग्यता निर्णयको निर्धारण बनाउनुहोस् र दस्तावेज गर्नुहोस्
        v. व्यक्तिलाई योग्यता निर्धारण बारे सामयिक आधारमा सूचित गराउनुहोस्
        vi. लागूयोग्य हुँदा, बिरामीलाई आर्थिक सहायताको आवेदनपछि ब्यालेन्स संकेत गर्ने बिलिङ विवरण उपलब्ध गराउनुहोस्
        vii. व्यक्तिलाई अतिरिक्त भुक्तानीहरू फिर्ता गर्नुहोस्
        viii. व्यक्ति विपरित लिइएका कुनै पनि असाधारण असूली कार्यवाहीहरू उल्टाउन उपयुक्त कदम चाल्नुहोस्

5. आर्थिक सहायता नीति, आर्थिक सहायता आवेदन फाराम र आर्थिक सहायता नीतिको सरल भाषाको सारांश पारदर्शी छन् र अङ्ग्रेजी, स्पेनिश, अरबी, नेपाली, बर्मेली र करेन भाषाहरूमा सेवा दिइने व्यक्तिहरूका लागि उपलब्ध छन्। यी Summa Rehab Hospital सेवा क्षेत्रका लागि उपयुक्त भाषाहरू हुन्।
    a. वेबसाइट: Summa Rehab Hospital ले विशिष्ट र स्पष्ट रूपमा आफ्नो वेबसाइटमा निम्न कुराहरूको पूरा र वर्तमान संस्करण पोस्ट गर्नेछः
        i. आर्थिक सहायता नीति (FAP)
        ii. आर्थिक सहायता आवेदन फाराम
        iii. आर्थिक सहायता नीतिको सरल भाषामा सारांश
        iv. Summa Rehab Hospital बिरामीको आर्थिक अधिवक्ताका लागि सम्पर्क जानकारी

Summa Health™

Summa Rehab Hospital

A partnership with Vibra Healthcare

| | |
|---|---|
| शीर्षक | आर्थिक सहायता नीति |
| प्रभावकारी मिति | जनवरी 2020 |
| समीक्षा मिति | मार्च 2020 |
| क्षेत्र: | अस्पताल वाईड |

b. चिन्ह: Summa Rehab Hospital को चिन्हलाई भर्ना र दर्ता क्षेत्रहरूको सबै पोइन्टहरू सहित सार्वजनिक स्थाहरुदेखि अस्पतालसम्म स्पष्ट रुपमा प्रदर्शन गरिनेछ।

c. व्यक्तिगत रूपमा: बिरामी पहुँच प्रतिनिधिहरू र बिरामीका आर्थिक अधिवक्ताहरूले बिरामीहरूलाई सबै सहायता कार्यक्रमहरूका लागि योग्यता निर्धारण गर्न प्रयोग गरिने आर्थिक सहायता आवेदन निःशुल्क रूपमा प्रस्ताव गर्नेछन्। सीमित रुपमा/अङ्ग्रेजी नबोल्ने व्यक्ति वा सुन्नमा कठिनाई भएका व्यक्तिलाई नि:शुल्क, दोभाषे विधि उपलब्ध गराइनेछ।

**आपतकालीन अवस्थाहरूका लागि आर्थिक सहायता:**

Summa Rehab Hospital आपतकालीन अवस्थाहरूलाई कूल वार्षिक परिवार आम्दानीको 25% भन्दा धेरै ऋणका लागि बिरामीउत्तरदायी हुने मेडिकल खर्चहरुको रूपमापरिभाषित गर्छ।

**बिरामी आर्थिक सहायता**

Summa Rehab Hospital मा आर्थिक सहायता, भुक्तानी प्रबन्धहरू, बीमा कभरेज, Medicare र अन्य आर्थिक सोधपूछहरूको बारेमा तपाईंका प्रश्नहरूको जवाफ दिनका लागि क्लिनिकको सम्पर्क व्यक्ति र भर्ना समन्वयकहरू उपलब्ध छन्। सीमित रुपमा/अङ्ग्रेजी नबोल्ने व्यक्ति वा सुन्नमा कठिनाई भएका व्यक्तिलाई नि:शुल्क, दोभाषे विधि उपलब्ध गराइनेछ।

आर्थिक सहायता बारे थप जानकारीका लागि, कृपया निम्नमा फोन गर्नुहोस् वा भेट्नुहोस्ः

Summa Rehab Hospital
(330) 572-7255
Admissions Department
29 N. Adams St.
Akron, OH 44304

**बिरामी खाता सेवाहरू**

Vibra Western बिलिङ कार्यालयलाई (717) 591-5700 मा सम्पर्क गर्नुहोस्।

Summa Rehab Hospital

A partnership with Vibra Healthcare

| | |
|---|---|
| शीर्षक | आर्थिक सहायता नीति |
| प्रभावकारी मिति | जनवरी 2020 |
| समीक्षा मिति | मार्च 2020 |
| क्षेत्र: | अस्पताल वाईड |

**ओहायो निवासीहरूका लागि सूचना-ओहायो अस्पताल स्याहार आश्वासन कार्यक्रम (HCAP):**

Summa Rehab Hospital ले Medicaid प्राप्तकर्ता नभएका, ओहायोका निवासीहरू र संघीय गरिबी रेखामा वा मुनि आम्दानी भएका व्यक्तिहरूका लागि सामान्य, चिकित्सकीय रुपमा आवश्यक अस्पताल-स्तरका सेवाहरू बिना शुल्क प्रदान गर्छ।प्रत्यारोपण सेवाहरू र प्रत्यारोपणसँग सम्बन्धित सेवाहरू बाहेक, ओहायो Medicaid कार्यक्रम अन्तर्गत समेटिएका अन्तरंग
र बहिरंग सेवाहरू यस सेवाहरू मा समावेश छन्। अशक्तता आर्थिकसहायताका प्राप्तकर्ताहरू सहायताका लागि योग्य छन्।ओहायो निवास स्थान ओहायो माऐच्छिक रूपमा बस्ने र अन्य राज्य मा सार्वजनिक सहायताप्राप्त नगर्ने व्यक्तिले स्थापना गरेको हो। ओहायो निवासीहरूका लागि आर्थिक सहायता अनुरोधहरू पहिले HCAP का लागि प्रक्रियामा जानुपर्छ र त्यसपछि अन्यथा यस आर्थिक सहायता नीतिका प्रावधानहरूमा निहीत हुन्छन्।

| | |
|---|---|
| शीर्षक | आर्थिक सहायता नीति |
| प्रभावकारी मिति | जनवरी 2020 |
| समीक्षा मिति | मार्च 2020 |
| क्षेत्र: | अस्पताल वाईड |

संलग्नक A

**2020 संघीय गरिबी निर्देशिकाहरू**

शुक्रवार, जनवरी 17, 2020 मा सेवा प्रारम्भ मितिका लागि प्रभावकारी
2020 गरीबी निर्देशिकाहरुका लागि संघीय दर्ता सम्बन्धी सूचना जनवरी 17, 2020 मा प्रकाशन गरिएको थियो।

| | 2020 स्याहार आश्वासन आय निर्देशिकाहरू | Summa Health System र Summa Rehab Hospital को आर्थिक सहायता कार्यक्रम | | |
|---|---|---|---|---|
| परिवार सङ्ख्या | संघीय गरिबी सूचक | 250% | 300% | 400% |
| 1 | $12,760 | $31,900 | $38,280 | $51,040 |
| 2 | $17,240 | $43,100 | $51,720 | $68,960 |
| 3 | $21,720 | $54,300 | $65,160 | $86,880 |
| 4 | $26,200 | $65,500 | $78,600 | $104,800 |
| 5 | $30,680 | $76,700 | $92,040 | $122,720 |
| 6 | $35,160 | $87,900 | $105,480 | $140,640 |
| 7 | $39,640 | $99,100 | $118,920 | $158,560 |
| 8 | $44,120 | $110,300 | $132,360 | $176,480 |
| छुटको स्तर | **100%** बिलको कटौती शुल्कहरू | **100%** बिलको कटौती शुल्कहरू | **90%** बिलको कटौती शुल्कहरू | **88%** बिलको कटौती शुल्कहरू |

**"परिवार"** मा बिरामी, तिनीहरूको जीवनसाथी (तिनीहरू घरमा बस्छन् वा बस्दैनन् भन्ने कुरालाई ध्यानमा नराखी) र सबै बिरामीका घरमा बस्ने 18 वर्षभन्दा कम उमेरका बालबालिका, आफ्नै वा अंगीकृत समावेश हुन्छन्। बिरामी 18 वर्षभन्दा कम उमेरको हुनुहुन्छ भने "परिवारले" तिनीहरू घरमा बस्छन् वा बस्दैनन् भन्ने कुरालाई ध्यान नदिई बिरामी, बिरामीको प्रकृति तथा अंगीकृत अभिभावक(हरू) र घरमा बस्ने 18 वर्षभन्दा मुनिका अभिभावकका बालबालिकलाई समावेश गर्नुपर्नेछ।

यी कार्यक्रमहरूको उद्देश्यहरूका लागि सौतेलो बालबालिका, नातिनातिनालाई कानूनी रूपमा अंगीकृत नभएसम्म परिवारमा गणना गरिंदैन।